नेपाल सरकार

राष्ट्रिय परीक्षाबोर्ड

# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०

सानोठिमी, भक्तपुर

पत्र संख्या: २०८२/८३
च.नं.: ५०

मिति:२०८२/१२/१८

विषयः माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ का सम्बन्धमा।

श्री शिक्षा विकास निर्देशनालय
सातै प्रदेश
श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै।

प्रस्तुत विषयमा एसइइ परीक्षा २०८२ को परीक्षा सञ्चालन, व्यवस्थापन र उत्तरपुस्तिका परीक्षण/सम्परीक्षणका सम्बन्धी तपसिलअनुसार गर्न/गराउनु हुन सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ। मिति २०८२/१२/१३ को माननीय मन्त्रीस्तरीय निर्णय कार्यान्वयन गर्ने सम्बन्धी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २१० मिति २०८२/१२/१६ को पत्रानुसार माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ को नतिजा परीक्षा सम्पन्न भएको मितिले एक महिनाभित्र प्रकाशन गर्ने निर्देशानुसार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्देशका जारी भई परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website see.gov.np मार्फत सार्वजनिक गरिएको छ। मिति २०८२ चैत्र १७ गते बेलुकी ६:३० बजे माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू, मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखज्यूहरू, प्रदेश मन्त्रालयका सचिवज्यूहरू, शिक्षा विकास निर्देशनालयका प्रमुखज्यूहरू ७७ वटै जिल्लाका एकाइ प्रमुखज्यू लगायतको Virtual Meeting मा सहभागीहरूबाट व्यक्त भएका प्रतिवद्धताका लागि परीक्षा नियन्त्रण कार्यालयका तर्फबाट आभार प्रकट गर्दै अनुशासित र मर्यादित वातावरणमा परीक्षा सञ्चालन तथा स्वच्छ, निष्पक्ष र वस्तुनिष्ठ ढङ्गबाट यथासमयमै उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण कार्य सम्पन्न हुने अपेक्षासहित उक्त निर्देशिका अध्ययन गरी सोहीबमोजिम गर्न गराउनु हुन साथै निम्नानुसारको कार्यतालिकाबमोजिम मार्कस्लिप र उत्तरपुस्तिका परीक्षा नियन्त्रण कार्यालयमा ल्याइपुऱ्याउने व्यवस्था गर्न/गराउनु हुन अनुरोध छ।

| क्र.स. | विषय | परीक्षा नियन्त्रण कार्यालयमा आईपुग्ने समय | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८२/१२/१९ र २० गते सञ्चालित विषयका प्राप्ताङ्क उतार गरिएका मार्कस्लिप | २०८२/१२/२३ गतेसम्म | |
| २ | मिति २०८२/१२/२२, २३ र २४ गते सञ्चालित विषयका प्राप्ताङ्क उतार गरिएका मार्कस्लिप | २०८२/१२/२७ गतेसम्म | |
| ३ | मिति २०८२/१२/२५ र २६ गते सञ्चालित विषयका प्राप्ताङ्क उतार गरिएका मार्कस्लिप | २०८२/१२/३० गतेसम्म | |
| ४ | मिति २०८२/१२/२७, २८ र २९ गते सञ्चालित विषयका प्राप्ताङ्क उतार गरिएका मार्कस्लिप र जिल्लाका सबै उत्तरपुस्तिका र पनिका ल्याउनु पर्ने परीक्षासम्बन्धी अन्य सबै कागजातहरु | २०८३/०१/०५ गतेसम्म | |

नेपाल सरकार

राष्ट्रिय परीक्षाबोर्ड

**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०८२/८३

च.नं. :

साथै परीक्षा सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा उल्लिखित कार्यहरुका अलावा निम्न बमोजिम गर्न गराउनु हुन अनुरोध छ।

१. नियमित तथा ग्रेडवृद्धि समूहका परीक्षार्थीहरुको हाजिरी तथा समष्टिगत फाराम छुट्टा छुट्टै तयार गर्नुहुन।

२. बालसुधार गृह तथा जेलमा रहेका परीक्षार्थीका सम्बन्धमा निम्नानुसार गर्नेः

- बालसुधार गृहमा रहेका परीक्षार्थीहरुको तोकिएको केन्द्रको व्यवस्थापनमा नै परीक्षा सञ्चालन गरी वा छुट्टै केन्द्र भए सोही अनुसार परीक्षा सञ्चालन गरी उत्तरपुस्तिका एवं अन्य कागजातहरु छुट्टै प्याकेट बनाउने.
- जेलमा रहेका परीक्षार्थीहरु निजले अध्ययन गरेको जेल/विद्यालयको केन्द्रबाट नै परीक्षा लिन सकिने अवस्था रहेमा सोही अनुसार परीक्षा लिने व्यवस्था गर्ने र उत्तरपुस्तिका सोही केन्द्रको सिलसिलेवार क्रममा नै राखी पठाउने। तर परीक्षार्थी अन्य स्थान वा अन्य जिल्लाको रहेमा नजिकको परीक्षा केन्द्रमार्फत परीक्षा लिई उत्तरपुस्तिका परीक्षण गरी छुट्टै प्याकेट बनाई पठाउने

३. उत्तरपुस्तिका व्यवस्थापन सम्बन्धमाः

- नियमित र नयाँ ग्रेडवृद्धि (२०८० र २०८१) का परीक्षार्थीको उत्तरपुस्तिका सिम्बोल नं. अनुसार सिलसिलेवार रुपमा मिलाई साना थैलामा छुट्टा छुट्टै प्याकेट बनाई एउटै ठुलो थैलामा राख्ने
- पुराना ग्रेडबृद्धि (२०७९) का परीक्षार्थीको उत्तर पुस्तिका विषयगत रुपमा सि.नं. अनुसार सिलसिलेवार रुपमा मिलाई छुट्टै प्याकेट बनाउने
- एउटै केन्द्रमा प्राविधिक र साधारण दुबै धारका परीक्षार्थी रहेको अवस्थामा प्राविधिक धार तर्फका परीक्षार्थीको अनिवार्य विषयको नियमित परीक्षार्थीका उत्तरपुस्तिका सि.नं. अनुसार सिलसिलेवार रुपमा मिलाएर राख्ने र प्राविधिक विषयका विषयगत रुपमा सि. नं. अनुसार सिलसिलेवार रुपमा मिलाई अलग्गै प्याकेट बनाउने।

४. अन्य कागजातहरुका सम्बन्धमा प. फा. नं. १२ (उत्तरपुस्तिका चलानी फाराम) र प. फा. नं. १३ (दैनिक परीक्षा सञ्चालन प्रतिवेदन फाराम) सोही दिनको सम्बन्धित उत्तरपुस्तिकाकै प्याकेटमा राख्ने र प. फा. नं. ११ (परीक्षार्थीको हाजिरी फाराम) र प. फा. नं. १५ (परीक्षार्थीको समष्टिगत हाजिरी फाराम) छुट्टै फायलिङ्ग गरी शिक्षा विकास तथा समन्वय इकाइमार्फत परीक्षा नियन्त्रण कार्यालयमा पठाउने।

टुकराज अधिकारी

नियन्त्रक